पाँचौ गाउँसभाको बैठकमा अध्यक्ष झग बहादुर विश्वकर्मा ज्यूबाट

प्रस्तुत आ.व. २०७६/०७७ को

# वार्षिक बजेट वक्तव्य

सरुमारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

५ नं. प्रदेश, नेपाल

२०७६असार ११ गते बुधवार

## सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु

1. नेपाली जनताको ऐतिहासिकसंघर्षको प्रतिफल स्वरुप तिन तहको संघीयताको कार्यान्वयन भई संविधानले परिकल्पना गरे वमोजिम राजनीतिक प्रणालीमा मुलुक प्रवेश गरेको छ ।यस प्रारुप अनुसार स्थानीय सरकारको हैसियतले पहिलो र दोस्रो वर्षको अनभुव गरी तेस्रो पटकको वजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु ।
2. यस ऐतिहासिक अवसरमा सर्वप्रथम म देशको आमूल परिवर्तनका लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक जनआन्दोलन, संघर्ष तथा महान जनयुद्ध लगायत अन्य सवै आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरु प्रति उच्च सम्मानका साथ हार्द्धिक श्रद्धाञ्जली प्रकट गर्दछु।साथै, घाईते तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।
3. स्थानीय सरकारको निर्माणसँग जनताले घर घरमा सरकारको अनुभूति गर्न पाएका छन्।स्थानीय स्तरमा योजनाको छनौट र कार्यान्वयन हुने हुँदा योजनाहरुको प्रभावकारीतामा समेत बढोत्तरी भएको छ । यो वास्तवमा नेपाली जनताको लागि एक सुनौलो अवसर समेत हो। हिजोको दिनमा हामी जुन ढंगको एकात्मक र केन्द्रिकृत मानसिकतावाट ग्रसित थियौं, आज सो कुराको अन्त्य भएको छ ।
4. नेपालको संविधान, प्रचलित ऐन, कानूनले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरुको कार्यान्वयन गर्दै सुखी र समृद्ध स्थानीय तह बनाउने निहित उद्देश्यका साथ आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरिएको छ ।
5. उचित मापदण्ड, प्रक्रिया र योजना नबनाई हचुवामा बजेट बाँडफाँड गर्न खोज्दा लक्षित सूमह, कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रमहरुवाट अपेक्षित नतिजा हासिल गर्न नसकिने हाम्रो विगतको तीतो अनुभव छ । वजेटको वस्तुगत विनियोजन र प्रभावकारी कार्यान्वयनको लागि राजनीतिक स्थिरता, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाज निर्माण आवश्यक देखिन्छ । प्राकृतिक स्रोत साधनको प्रचुरता, कृषि, पर्यटन, व्यापारको अधिक संभावना बोकेको यस गाउँपालिकामा आर्थिक समृद्धि र विकासका थुप्रै संभावनाहरु रहेका छन् ।

6. यी संभावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- स्थानीय तहको सरकार कार्यान्वयन
- आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि
- आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि
- औपचारिक अर्थतन्त्रको विकास
- सार्वजनिक निर्माणको गुणस्तरीयता तथा संरक्षण
- सूचना तथा सञ्चार प्रविधिको विकास
- सुशासन अभिवृद्धि

सवै वर्ग क्षेत्रको अर्थपूर्ण सहभागिता कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा गुणस्तरीयता,प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौती पूर्ण छ।

7. हाम्रा सामु माथि उल्लिखित थुप्रै चुनौतीहरु रहेता पनि बलियो नेपालको जगको रुपमा रहेको स्थानीय तहलाई मजबुत बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता मार्फत समृद्ध सरुमारानी गाउँपालिका निर्माण गरी यहाँका नागरिकको जीवनस्तरमा गुणस्तरीयता ल्याउने अवसर प्राप्त भएको छ।विद्मान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रम तयार पारिएको छ। यो बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम जनताको पहुँच स्थापित गरी सुशासन प्रवर्द्धन गर्ने ।
- स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्धि गरी संविधान कार्यान्वयन गर्ने ।
- स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने ।
- आर्थिक स्थायित्व कायम गर्ने तथा लगानीको वातावरण निर्माण गर्ने ।

8. यीउद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०७६ /०७७ बजेटका प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरिएको छ ।

- कृषिको आधुनिकीकरण व्यवसायिकीरण
- संघीयता कार्यान्वयन
- भौतिक पूर्वाधार विकास
- उत्पादन र उत्पादकत्व वृद्धि
- सहकारी र रोजगारी प्रवर्द्धन
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन
- सूचना तथा संचार प्रविधिको विकास र गुणस्तरीयता
- स्थानीय सडकको निर्माण र स्तरोन्नति
- भवन तथा शहरी विकास
- शिक्षा स्वास्थ्य खानेपानी र सरसफाई
- लैंगिक समावेशीकरण लक्षित समुह विकास कार्यक्रम
- वन तथा भु-संरक्षण जलवायु परिवर्तन अनुकूलन
- संस्थागत विकास र शासकीय सुधार

अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रमहरु देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

9. कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गरी आय तथा रोजगारी सिर्जना दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरणबाट आर्थिक समृद्धिका लागि कृषि क्षेत्रमा लगानी वृद्धि गरिनेछ। निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणमा जोड दिइनेछ । कृषि उत्पादकत्व वृद्धि गर्नका लागी किसानसँग गाउँ सरकार कार्यक्रम मार्फत प्रयोगशालामा माटो परीक्षण गर्ने, कृषि अनुसन्धान विज्ञ मार्फत वातावरणीय तथा पर्यावरणीय एवं हालको पूर्वाधारको आधारमा उत्पादन ब्लक तथा पकेट क्षेत्र निर्धारण गरिनेछ ।

10. संविधान प्रदत्त खाद्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गर्न कृषि प्रसार तथा बाली विकास कार्यक्रम र कृषि ल्याव, नर्सरी उत्पादन, संकलन केन्द्र,नमुना कृषि फर्म सञ्चालन कार्यक्रम सन्चालन गरिनेछ ।

11. निजी सरकारी र सहकारी साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागि कृषि विकास कार्यक्रमहरु सन्चालन गरिने छ । पशु बीमा कार्यक्रम अन्तरगत बाख्राको बिमा २५ प्रतिशत अनुदान सहयोगको व्यवस्था गरिनेछ।

12. पशुविकास तर्फ विपन्न परिवार वाख्रा खोर निर्माण अनुदान यस बर्ष समेत निरन्तरता दिइनेछ ।यस वर्ष किसान सँग गाउँ सरकार कार्यक्रमको लागी रु. १ करोड विनियोजन गरिएको छ ।

13. सिचाइसँग सम्बन्धित अधुरा कार्य सम्पन्न गरिनेछ । दर्ता भएका पकेट र ब्लकलाई विभिन्न अनुदानको व्यवस्था गरिनेछ । सिंचाई प्रणालीको विकास मार्फत उत्पादन बढाउन रज्जे पाङ्गवाङ्ग सिंचाई कुलोको लागी रु. २० लाख, फोर्साबाङ्ग सिंचाई योजनाको लागी रु. ९ लाख, आटीटार सिंचाई योजनाको लागि रु. ५ लाख र सिम्ले घारी जि.सी. टोल सिंचाई योजनाको लागि रु. ३ लाख वजेट विनियोजन गरिएको छ।साथै अन्य सिंचाई योजनाको लागी आवश्यक बजेट व्यवस्था गरिएकोछ ।

14. गाउँपालिकाको नीति, कानून, मापदण्ड, निर्णय कार्यान्वयन, गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण र ऐन वमोजिम तोकिएका अन्य कार्यहरु गर्न गाउँ प्रहरीको व्यवस्था गरिनेछ । यसको लागी रु. १० लाख विनियोजन गरिएकोछ ।

15. गाउँपालिकामा स्थानीय जनताहरुको स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न छनौट गरी स्वास्थ्य संस्थामा ल्याव सेवा सचालन गर्न रु. १५ लाख विनियोजन गरिएकोछ ।महिला स्वास्थ्य स्वंयसेविकालाई काममा प्रोत्साहीत गर्न खाजा, रिचार्ज र बैठक भत्ता प्रदान गर्ने व्यवस्था मिलाइएको छ, यसका लागी रु.१ लाख ५५ हजार बजेट व्यवस्था गरिएकोछ ।सुत्केरी महिलाको लागि पोषण सहायता कार्यक्रम आगामी आर्थिक वर्षमा सबै वडामा कार्यान्वयन गरिनेछ ।जसका लागी रु. २ लाख विनियोजन गरिएकोछ ।चालु आ.व.मा रहेका विपन्न असहाय कोष र दिर्घ रोग स्वास्थ्य कोषको लागी थप वजेटको व्यवस्था गरिएको छ । स्वास्थ्य संस्थाहरुमा औषधि अभाव हुन नदिन औषधि खरिदको लागी रु. ६ लाख साथै आँखा स्वास्थ्य शिविर संचालनको लागी समेत रु. ५ लाख वजेट विनियोजन गरिएकोछ ।

16. अनाथ वालवालिकालाई शिक्षाको पहुँचबाट टाढा हुन नदिन पठनपाठनको सहयताको लागी वजेट व्यवस्था गरिएको छ।त्यसता वालवालिकालाई मासिक रुपमा भत्ता वितरण गर्न रु. ३ लाख बजेट विनियोजन गरिएको छ ।वालविकास केन्द्रमा कार्यरत

सहयोगी कार्यकर्तालाइ प्रोत्साहानको लागी रु. ३ लाख, अपांग सहायता कोषको लागि रु. ३ लाख वजेट विनियोजन गरिएकोछ ।

17. लक्षितवर्गका विभिन्न क्षमता विकास एव सशक्तिकरण कार्यक्रमहरुको लागी रु. ८ लाख विनियोजन गरिएकोछ ।सम्वत् २०७५ साल श्रावण १ गते पछि जन्मेका छोरीहरुको छोरीपेवा वचत कार्यक्रमको लागी चालु आर्थिक बर्षमा मासिक रु. १०० दस बर्ष सम्म निजको वचत खातामा राखिदिने व्यवस्था भएकोमा २०७६ श्रावण १ गते देखि उक्त रकममा रु. १०० बृद्धि गरी रु. २०० कायम गरिएको छ ।जसको लागी रु. ३ लाख बजेट विनियोजन गरिएकोछ ।

18. न्यायिक समिति- मेलमिलाप कर्ताको क्षमता अभिवृद्धिको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ। आगामी आर्थिक बर्षमा न्यायिक सेवा संचालन तथा व्यवस्थापनको लागी रु. २ लाख बजेट विनियोजन गरिएकोछ ।सार्वजनिक सेवा प्रवाहको वारेमा जनस्तरमा जानकारी गराउन र जनगुनासो अनुरुप सेवा प्रवाहलाई व्यवस्थीत गर्न तथा सुशासन कायम गर्न सार्वजनिक सुनुवाईको लागि रु. ४ लाख ५० हजार वजेट व्यवस्था गरिएको छ ।

19. सामुदायिक वनसँग रहेको पूँजीलाई परिचालन गरी विकासको गतिलाई तिव्रता दिने उद्देश्य अनुरुप सामुदायिक वन साझेदारी कार्यक्रमलाइ निरन्तरता दिइनेछ, यसका लागी रु. २० लाख विनियोजन गरिएको छ।एक वस्ती एक पोखरी कार्यक्रमलाई निरन्तरता दिन रु. ३ लाख वजेट व्यवस्था गरिएको छ । उद्यमशिलताको विकास मार्फत आयआर्जनमा वृद्धि गरी स्वरोजगार जनशक्ति मार्फत वेरोजगारीमा कमी ल्याउन रु. १५ लाख वजेट विनियोजन गरिएकोछ । ।

20. गुणस्तरिय शिक्षाको विकास गरी सक्षम जनशक्ति तयार गर्न विद्यालय शिक्षामा सुधार गर्न चालु वर्ष देखि विद्यालय शिक्षक दरवन्दी कायम गरी नियुक्त गरिएका करार शिक्षक कर्मचारीको सेवालाई निरन्तरता दिइनेछ, जसको लागि रु. १ करोड २१ लाख ८० हजार विनियोजन गरिएको छ ।साथै शैक्षिक गुणस्तर सुधारको लागी रु. १६ लाख र शिक्षक तालिमको लागी रु. ५ लाख विनियोजन गरिएकोछ ।चालु आ.व. देखि शुरुवात गरिएको जनता मा.वि. वडडाँडा यातायत व्यवस्थापन कार्यलाई आगामी आ.व.मा समेत निरन्तरता दिईनेछ । जसको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ । एक गाउँ एक प्राविधिक विद्यालयको अवधारणा अनुरुप यस गाउँपालिकाको सरस्वती मा.वी. चाभालाई प्राविधिक धार संचालन गर्न रु. १० लाख अनुदानको व्यवस्था गरिएको छ ।

21. खेलकुदको माध्यमबाट युवाहरुको क्षमता विकास गरि विकास निर्माणमा युवा परिचालन गर्न र युवाहरुको शारिरीक, मानसिक विकासका साथै नेतृत्व क्षमता अभिवृद्धि गर्न रु. १० लाख विनियोजन गरिएकोछ ।

22. २०७६ चैत्र मसान्त सम्म यस पालिकालाई पूर्ण सरसफाइयूक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य अनुसार स्वच्छ वातारण र सरसफाइयुक्त गाउँ निर्माण कार्यलाइ सफल वनाउन प्लाष्टिक रहित वस्ती कार्यक्रम सचालनको लागी रु. ३ लाख, सरसफाई अभियान कार्यक्रमको लागी रु. ६लाख, फोहोर व्यवस्थापनको लागी रु. ५ लाख, विपन्न वर्ग शौचालय अनुदानको लागि रु. ५ लाख वजेट विनियोजन गरिएकोछ।एक घर एक खानेपानी धाराको अवधारणा अनुसार हंशपुर वृहत खानेपानी योजनाको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।जसको लागि गाउँपालिकाको तर्फबाट रु. ६५ लाख र प्रदेश समपुरक अनुदानबाट रु ६५ लाख गरी रु. १ करोड ३० लाख विनियोजन गरिएको छ ।प्यालीमाटी सौराकोट गोल्धारा खानेपानीको लागि प्रदेश शसर्त अनुदानवाट रु. ५० लाख, दानसिं मान्द्रे खानेपानी योजनाको लागी १५ लाख कालीवन खानेपानीमा रु. १५ लाख विनियोजन भएको छ। यसका साथै गाउँपालिकाबाट विभिनसिङ्ग खानेपानी योजनाको लागी रु. १० लाख, दानसिं मान्द्रे खानेपानी योजनाको लागि रु. १५ लाख वृहत ददेरी खानेपानी योजनाको लागि रु. ९ लाखवजेट विनियोजन गरिएको छ ।साथै अन्य खानेपानी तथा सरसफाइ कार्यक्रमको लागी आवश्यक बजेट व्यवस्था गरिएकोछ ।

23. आर्थिक बर्ष २०७६/०७७ मा सरुमारानी गाउँपालिकाको दिर्घकालीन लक्ष्य निर्धारण गरी सोही अनुसार विकास गतिविधि संचालन गर्नको लागी आवधिक योजना निर्माण गरिनेछ । जसका लागी रु. ३ लाख विनियोजन गरिएकोछ, यसका साथै विपत प्रतिकार्य योजना र सरसफाई योजना निर्माणको लागी पनि आवश्यक वजेट व्यवस्था गरिएकोछ ।

24. विभिन्न योजनाहरुको मर्मत संभारको व्यवस्थाका लागी मर्मत संभारकोषमा रु. १५ लाख, जलवायु परिवर्तनको कारण जुनसुकै समयमा पनि विपद आइ पर्ने भएकोले विपदबाट हुने क्षतीलाई सम्बोधन गर्न विपद व्यवस्थापन कोषमा रु. ८ लाख बजेट व्यवस्था गरिएकोछ ।

25. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालु आ.व. देखि सुरु गरिएको गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी रु. १ करोड २६ लाख वजेट व्यवस्था गरिएको छ ।साथै यस गाउँपालिका अन्तरगत वडा नं ५ र ६ को वडा

कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न रु. ३३ लाख वजेट व्यवस्था गरिएकोछ।रेडक्रस उपशाखा भवन, वांगेशाल भवन निर्माणको लागि रु. ६ लाख वजेट व्यवस्था गरिएको छ ।

26. सडक पूर्वाधारको स्तरोउन्नती गरी यातायात सेवालाई प्रभावकारी वनाउन सडक कालोपत्रे स्तरोउन्नती र ट्र्याक खोल्ने कार्यलाई अगाडी वढाउने नीति लिइएको छ। जस अनुसार १४ नं आटीटार १ नं वडा कार्यालय मोटरबाटो कालोपत्रेको लागी रु. २० लाख, छहरे डाँडागाउँ मोटरबाटोको लागि रु ७ लाख, दर्भान वर्नीविर मोटरवाटो स्तरउन्नतिको लागी रु. २५ लाख, दानसिङ्ग मान्द्रे सडक निर्माणको लागी रु. ५ लाख, गनाह हात्तिखाल मोटरवाटोको लागी रु. ७ लाख झिलिवाङ्ग हंशपुर सडकको लागी रु. ६ लाख, रत्ने जस्पुर सिद्दलेख मोटरवाटोको लागि रु. १० लाख, स्वर्गद्धारी गनाह दाङ मोटरवाटोको लागि रु. ८ लाख, शिरुवारी मोटरवाटो निर्माणको लागि रु. ५ लाख, कुथ्रुके मोटरवाटो निर्माणको लागि रु. ५ लाख, बुढीचौर सिम्ले मोटरवाटो रु. ६ लाखवजेट विनियोजन गरिएकोछ । यसका साथै विभिन्न सडक निर्माणको लागी समेत आवश्यक वजेट विनियोजन गरिएकोछ ।

27. सुरक्षित आवास पाउनु प्रत्येक नागरिकको अधिकार भएकोले चालु आ.व.देखि शुरु गरिएको विपन्न वर्ग सुरक्षित आवास कार्यक्रम अन्तरगत खरको छानो विस्थापन कार्यको लागि गाउँपालिकाको तर्फबाट रु. ६० लाख र ५ नं प्रदेशसरकारको समपुरक अनुदान रु. ६० लाख गरी कुल रु. १ करोड २० लाख विनियोजन गरिएको छ ।

28. गाउँपालिका मार्फत नियुक्त गरिएका करार शिक्षक तथा विभिन्न कार्यालय शाखामा करार कर्मचारीहरुको सेवा अवधिलाई निरन्तरता दिदै हाल खाईपाई तलव सुविधामा ५ प्रतिशत वृद्धि गरिएकोछ ।

29. संस्कृति पर्यटन विकासमा सहयोग पुराउन विभिन्न मठमन्दिर निर्माण, पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन आगमन वृद्धि गरी आयआर्जन वृद्धि गर्नको लागी वजेट व्यवस्था गरिएको छ ।जस अनुसार रानीकुवा योग तथा शान्ती पार्क निर्माणको लागी रु. ५० लाख ,किमिचौर दह संरक्षणको लागी रु. ३ लाख, ऐरावती दोमही मन्दिर निर्माणको लागी रु. ५ लाख, मदन आश्रित पार्कलागि रु. २ लाख, पुठादरवार पर्यटन प्रवर्द्धनको लागि रु. ८ लाख विनियोजन गरिएकोछ । विभिन्न स्थानमा रहेको चौपारीहरु संरक्षणका लागि रु. ३ लाख वजेट विनियोजन गरिएको छ ।विभिन्न दिवसहरु मनाउनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

30. मुस्लिम समुदायको उत्थान र विकासमा सहयोग पुराउनन कास्कोट मस्जिद निर्माण फैजुल मदरसा मर्मत, कब्र स्थान गेट लगायतका पूर्वाधार निर्माणको लागी रु. ८ लाख ५० हजार विनियोजन गरिएकोछ ।यसगाउँपालिका अन्तरगतका ऐतिहासिक पर्यटकीय, जातीय, धार्मिक, भौगोलिक, पर्यावरणीय क्षेत्र तथा विषयहरुको संरक्षण र सम्वर्द्धन गर्न एक स्थानीय संग्रालय स्थापना गरिनेछ । जसका लागी रु. ५ लाख वजेट विनियोजन गरिएकोछ । यसका साथै अन्य विभिन्न धार्मिक, सांस्कृतिक र पर्यटकिय स्थलहरुको विकासलाई आवश्यक वजेट व्यवस्था गरिएकोछ ।

31. सहकारी क्षेत्रको विकास मार्फत आर्थिक समृद्धिको लागि सहकारी प्रवर्द्धन तथा संघ संस्था साझेदारीको लागि रु. १० लाख वजेट व्यवस्था गरिएको छ ।

## सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु

32. नेपालको संविधानमा व्यवस्था भएवमोजिम स्थानीय तहको सरकारले कार्यपालिकीय व्यवस्थाकीय र न्यापालिकीय हैसियत प्राप्त गरेको अवस्थामा गाउँ गाउँमा सिंहदरवारको अधिकार स्थानान्तरण भएको छ। स्थानीय तहले सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न संघीय सरकार र प्रदेश सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय अनुदान र सःशर्त अनुदान प्रदान गरेको छ । वजेट तथा कार्यक्रम तयार गर्दा यो वजेटलाई मुख्य आधार मानिएकोछ ।

33. मैले पेश गरेको यो वजेट तथा कार्यक्रम तयार गर्दा यस सरुमारानी गाउँपालिकाको यस गरिमामय गाउँसभामा पेश गरेको वार्षिक नीति तथा कार्यक्रमलाई आधारमानी तयार गरिएकोछ । यस वजेट तथा कार्यक्रमलाई सोही क्रियाकलाप अनुसार कार्ययोजना बनाई गाउँ कार्यपालिका तथा सम्वन्धित विषयगत शाखा तथा इकाईबाट कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

34. साविकमा विषयगत मन्त्रालयहरुबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची -८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानीय तहबाटै संचालन हुने गरी स्रोत उपलब्ध गराईएकोमा सोही अनुरुप वजेट विनियोजन गरिएको छ ।

35. आर्थिक वर्ष २०७६/०७७ को लागी अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरु संघिय सरकारबाट शिक्षा, स्वास्थ्य, पशु र कृषि लगायतका क्षेत्रहरुको सःशर्त अनुदान रु.१२ करोड ८ लाख, संघिय सरकारबाट वित्तिय समानीकरण अनुदान रु. ७ करोड ७७ लाख, राजश्व बाँडफाँडबाट रु. ७ करोड ५ लाख गरी **जम्मा रु. २६ करोड ९० लाखअनुदानर** प्रदेश सरकारबाट सःशर्त अनुदान वापत रु. ८० लाख, विषेश

अनुदानवापत रु. ५२ लाख, वित्तिय समानीकरण अनुदान रु. ४१ लाख ३४ हजार ,राजश्व बाँडफाँडबाट रु. ४६ लाख ४३ हजार र  समपुरक अनुदान वापत रु. १ करोड ५० लाख गरी **कुल रु ३ करोड ४९ लाख ७७ हजार**प्राप्त हुने अनुमानितबजेट तथा  सरुमारानी गाउँपालिकाको आन्तरिक अम्दानी रु. ४५ लाख ४६ हजार गरी जम्मा बजेटरु. ३१ करोड ५ लाख २३ हजार प्रक्षेपण गरिएकोछ ।साथै चालु वर्षको अनुमानित अल्या आन्तरिक रु. २ करोड ८० लाख ५५ हजार गरी जम्मा कुल बजेट ३३ करोड ८५ लाख ७८ हजार प्रक्षेपण गरिएको छ ।यही प्रक्षेपण अनुसार नै आगामी आर्थिक बर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम पेश गरिएकोछ ।

36. यो कुल अनुमानित बजेट रु. ३३ करोड ८५ लाख ७८ हजार मध्ये चालु प्रशासिनक खर्च तर्फ रु. ४ करोड ९६ लाख ८० हजार (कुल बजेटको १४.६७प्रतिशत) र पुँजीगत तथा कार्यक्रम खर्च तर्फ रु.२८ करोड ८८ लाख ९८ हजार (कुल बजेटको ८५.३३ प्रतिशत) रहेको छ ।यसरी मैले पेश गरेको वजेट तथा कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा राखी योजना पुस्तिका प्रकाशन गरी सार्वजनिक गर्ने व्यवस्था मिलाइएकोछ ।बजेट तथा कार्यक्रमको संक्षिप्त प्रारुप देहाय बमोजिम रहेको छ ।

- नयाँ सडक निर्माण, स्तरउन्नति र मर्मत तर्फ रु २ करोड ३ लाख ७० हजार
- सिचाइ तर्फ रु ८२ लाख ४५ हजार
- विद्युतीकरण तर्फ रु ४लाख
- खानेपानी तर्फ रु ३ करोड ४९ लाख ५९ हजार
- सरसफाई तर्फ रु २० लाख ५० हजार
- पर्यटकीय स्थल निर्माण एवं पर्यटन प्रवर्द्धन तर्फ रु ६३ लाख ६५ हजार
- धार्मिक, सांस्कृतिक सम्पदा निर्माण संरक्षण जिर्णोदार मर्मत तर्फ रु ३३ लाख ८५ हजार
- कृषि तथा पशुपालन तर्फ रु १ करोड ८ लाख ४५ हजार
- शिक्षा तर्फ रु १ करोड ९५ लाख ४५ हजार
- स्वास्थ्य तर्फ रु ६० लाख १५ हजार

- उद्यमशीलता विकास तर्फ रु १६ लाख
- शसक्तिकरण तर्फ रु ८ लाख

- युवा खेलकुद तर्फ रु १३ लाख ९० हजार
- सहकारी तर्फ रु १२ लाख ५५ हजार
- विपन्न वर्ग सुरक्षित आवास कार्यक्रम तर्फ रु १ करोड २० लाख
- विपन्न असहाय कोष  कार्यक्रम रु ७ लाख
- भवन तथा सहरी विकास तर्फ रु १ करोड ७९ लाख ४४ हजार
- जलाधार संरक्षण तर्फ रु ५ लाख १० हजार
- सुशासन तर्फ रु १९ लाख ५० हजार
- विपद व्यवस्थापन तर्फ रु ९ लाख
- वनसँग साझेदारी कार्यक्रम तर्फ रु २० लाख
- मर्मत संभार कोष तर्फ रु १५ लाख
- विभिन्न दिवसहरु तर्फ रु ६ लाख ७५ हजार
- सामुदायिक वन साझेदारी कार्यक्रम २० लाख

## सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु

37. स्थानीय सरकारलाई दिईएको अधिकार बमोजिम सहभागीतामुलक योजना तर्जुमा प्रकृयावाट योजना छनौट गरी यस गरिमामय गाउँसभामा वजेट तथा कार्यक्रम तयार गरी आ-आफ्नो तर्फबाट सुझाव दिनु हुने सम्पूर्ण पदाधिकारीज्यूहरु, स्थानीय समाजसेवी, बुद्धिजिवीहरु, नागरिक समाज, संघसंस्था एवं यो बजेट तथा कार्यक्रम तयार गर्न खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु सबैमा हार्द्धिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।
38. गाउँकार्यपालिकाको तर्फवाट आगामी आर्थिक बर्ष २०७६/०७७ को लागी पेश गरिएका नीति कार्यक्रम तथा वजेटलाई यस गाउँसभाबाट स्वीकृतीको लागी अनुरोध गर्दै सफल कार्यान्वयनको लागी अपेक्षा गर्दछौं ।

धन्यवाद ।

झग बहादुर विश्वकर्मा
अध्यक्ष
सरुमारानी गाउँपालिका
प्यूठान
मिति २०७६।३।११